# *सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावलीको* नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

| | |
|---|---|
| सूचना सार्वजनिक गर्ने निकायको नाम :– **बीमा समिति** | |
| सूचना सार्वजनिक गरेको अवधि :– **दोस्रो त्रैमासिक, २०७६/७७** | |

**१) निकायको स्वरूप र प्रकृति :**

बीमा समिति नेपालको बीमा क्षेत्रको नियमनकारी निकाय हो । बीमा ऐन, २०४९ अनुसार नेपालको बीमा ब्यवसायलाई ब्यवस्थित, नियमित, बिकसित र नियन्त्रित गर्नका लागि बीमा समितिको स्थापना भएको हो । नेपाल भित्रका बीमा सम्बन्धि गतिविधिलाई यस समितिले नियमनकारी निकायको हैसियतले अनुगमन गर्दछ ।बीमा ब्यवसाय गर्ने बीमकहरू लगायल बीमाको क्षति मूल्यांकन गर्ने सर्भेयर र बीमा लेख बिक्रि वितरण गर्न ठूलो भूमिका रहने बीमा अभिकर्ता को इजाजतपत्र जारी गर्ने र नवीकरण गर्ने कार्य पनि बीमा समितिले गर्दछ।

वि.सं.२०४६ सालमा प्रजातन्त्रको पुर्नस्थापना भए पश्चात अन्य क्षेत्रहरुमा जस्तै बीमा क्षेत्रमा पनि परिवर्तनहरु देखा परे । परिवर्तित सर्न्दर्भलाई मनन गरी वि.सं. २०४९ सालमा बीमा ऐन, २०२५ लाई प्रतिस्थापन गर्दै नयां बीमा ऐन, २०४९ जारी गरियो । ऐनको प्रस्तावनामानै स्पष्ट रुपमा भनिएको छ "बीमा ब्यवसायलाई ब्यवस्थित, विकसित, नियमित र नियन्त्रित गर्नको लागि बीमा समितिको स्थापना गरिएको हो ।" प्रस्तावनामा उल्लेखित लक्ष्य प्राप्त गर्नका लागि एक स्वायत्त संस्थाका रुपमा बीमा ऐन २०४९ अनुसार यस समितिको स्थापना भएको हो।

बीमा समितिको संचालक समितिको गठन बीमा ऐन, २०४९ को दफा ३ अन्तर्गत देहाय बमोजिम रहने ब्यवस्था रहेको छ :-

| | |
|---|---|
| नेपाल सरकारले नियुक्त गरेको वा तोकेको व्यक्ति | अध्यक्ष |
| प्रतिनिधि, कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय | सदस्य |
| प्रतिनिधि, अर्थ मन्त्रालय | सदस्य |
| बीमा व्यवसायमा विशेष ज्ञान भएका व्यक्तिहरु मध्येबाट नेपाल सरकारले मनोनित गरेको एक जना व्यक्ति | सदस्य |
| बीमितहरु मध्येबाट नेपाल सरकारले मनोनीत गरेको एकजना व्यक्ति | सदस्य |

नेपाल सरकारले सदस्यहरुको मनोनयन र हेरफेर गर्न सक्नेछ र सदस्यहरुको कार्यअवधि चार वर्षको हुनेछ । सदस्यहरुलाई पुन: दुई पल्टसम्म मनोनित गर्न सकिनेछ ।

२) **निकायको काम, कर्तव्य र अधिकार**

नेपाल अधिराज्यको बीमा ब्यवसायलाई ब्यवस्थित, विकसित, नियमित र नियन्त्रित गर्नको लागि बीमा समितिको निम्न काम, कर्तब्य र अधिकार हुनेछ।

- बीमा व्यवसायलाई व्यवस्थित, नियमित, विकसित तथा नियन्त्रित गर्नको लागि नीति निर्धारण गर्न नेपाल सरकारलाई आवश्यक सूझाव दिने,
- बीमाबाट प्राप्त हुन आएको रकम लगानी गर्नको लागि नीति निर्धारण गरी प्राथमिकता क्षेत्र तोक्ने,
- बीमक, बीमा अभिकर्ता, सर्भेयर वा दलालको दर्ता र नवीकरण गर्ने तथा दर्ता खारेज गर्ने, गराउने,
- बीमक तथा बीमित बीचको वाद विवादमा मध्यस्थता गर्ने,
- बीमा दायित्व निर्धारणका सम्बन्धमा बीमक विरुद्ध बीमितले दिएको उजुरी उपर निर्णय गर्ने,
- बीमा व्यवसायका सम्बन्धमा बीमकलाई समय समयमा आवश्यक निर्देशन दिने
- बीमितको हित रक्षाको निम्ति आवश्यक आधार तर्जुमा गर्ने, र
- बीमा व्यवसायसंग सम्बन्धित अन्य आवश्यक काम गर्ने।

३) **निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण**

| क्र.सं. | पद | संख्या | कार्य विभाजन | कैफियत |
|---|---|---|---|---|
| १ | (अध्यक्ष) नेपाल सरकारबाट नियुक्त | १ | कार्यकारी प्रमुख | |

| क्र.सं. | पद/समूह | | दरबन्दी | कार्य विभाजन | कार्यरत कर्मचारी संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | कार्यकारी निर्देशक | | १ | | १ | |
| २ | निर्देशक | | ४ | महाशाखा प्रमुख | २ | |
| ३ | उप निर्देशक | प्रशासन | ८ | शाखा प्रमुख | ७ | |
| ४ | उप निर्देशक | कानुन | ३ | शाखा प्रमुख | २ | |
| ५ | उप निर्देशक | चार्टड अकाउन्टेन्ट | २ | शाखा प्रमुख | १ | |
| ६ | सहायक निर्देशक | प्रशासन | ३४ | | २८ | |
| ७ | सहायक निर्देशक | कानुन | ६ | | ४ | |
| ८ | सहायक प्रथम | प्रशासन | १२ | | ११ | |
| ९ | चालक | प्रशासन | २ | | २ | |
| १० | कार्यलय सहयोगी | प्रशासन | १० | | ९ | |
| **जम्मा** | | | ८३ | | ६७ | |

***करारमा रहेका कर्मचारी सहितको सूची बीमा समितिको web site मा उपलब्ध छ।***

**४) निकायबाट प्रदान गरिने सेवा**

| क्र.स | शाखा | सेवाको बिवरण | शुरू सम्पर्क अधिकृत | जिम्मेवार अधिकृत | लाग्ने अवधि | उजुरी गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|
| १ | कानुन तथा नियमन शाखा | बीमा दावी सम्बन्धी गुनासो | सहायक निर्देशक | प्रमुख कानुन शाखा | सात दिन सम्म | सम्बन्धित महाशाखा प्रमुख |
| | | बीमा दावी उजुरी | सहायक निर्देशक | ,, | अंग पुगेको मितिबाट तीस दिन भित्र | |
| | | अड्डा अदालत ÷अधिकार ÷प्राप्त निकायबाट हुने आदेश÷म्याद | सहायक निर्देशक | ,, | तोकिए बमोजिम | |
| | | बीमक दर्ता सम्बन्धी कारवाही प्रकृया | सहायक निर्देशक | ,, | कागजात प्राप्त भएको मितिबाट १२० दिन | |
| | | बीमा नियमन सम्बन्धी कार्य सम्पादन | सहायक निर्देशक | प्रमुख नियमन शाखा | सात दिन सम्म | |
| | | बीमकको शाखा स्वीकृत | सहायक निर्देशक | ,, | कागजात प्राप्त भएको मितिबाट ३५ दिन | |
| | | बीमकको शेयर स्वामित्व परिवर्तन नामसारी स्वीकृति | सहायक निर्देशक | ,, | कागजात प्राप्त भएको मितिबाट ३५ दिन | |
| | | प्रवन्ध पत्र नियमावली संशोधन | सहायक निर्देशक | प्रमुख नियमन शाखा | कागजात प्राप्त भएको मितिबाट ३५ दिन | |
| | | बीमा दावी सम्बन्धी परामर्श÷ बीमा सम्बन्धी गुनासो | सहायक निर्देशक | प्रमुख कानुन शाखा | सात दिन | |
| | | बीमा दावी उजुरी | सहायक निर्देशक | ,, | अंग पुगेको मितिबाट तीस दिन भित्र | सम्बन्धित महाशाखा प्रमुख |

| क्र.स | शाखा | सेवाको बिवरण | शुरू सम्पर्क अधिकृत | जिम्मेवार अधिकृत | लाग्ने अवधि | उजुरी गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|
| २ | अनुसन्धान शाखा | बिदेशी मुद्रा सटही सिफारिश | सहायक निर्देशक | प्रमुख अनुसन्धान शाखा | पन्द्र दिन सम्म | सम्बन्धित महाशाखा प्रमुख |
| | | बाली तथा पशुपन्क्षी बीमालेख स्वीकृत | सहायक निर्देशक | ,, | पन्द्र दिन सम्म | |
| | | लघु बीमालेख स्वीकृत | सहायक निर्देशक | ,, | पन्द्र दिन सम्म | |
| ३ | बित्त बिश्लेषण शाखा | बीमकको वित्तीय विवरण स्वीकृति प्रदान | सहायक निर्देशक | **प्रमुख** बित्त बिश्लेषण शाखा | एक्काइस दिन | सम्बन्धित महाशाखा प्रमुख |
| | | बीमकको लगानी स्वीकृति | सहायक निर्देशक | ,, | सात दिन | |
| | | बीमकको स्थिर सम्पत्ति | सहायक निर्देशक | ,, | सात दिन | |
| | | कार्यालयबाट गर्नु पर्ने भुक्तानी | सहायक निर्देशक | ,, | सात दिन | |
| ४ | विकास शाखा | बीमा अभिकर्ता, सर्भेयर तालिम | सहायक निर्देशक | प्रमुख, बिकास शाखा | सात दिन | सम्बन्धित महाशाखा प्रमुख |
| ५ | कार्यालय व्यवस्थापन शाखा | भुक्तानीका लागि प्राप्त भएका बिलहरुको सिफारिस सम्बन्धी | सहायक निर्देशक | प्रमुख, कार्यलय ब्यवस्थापन शाखा | प्रकृया पुगेको मितिले पन्ध्र दिन | सम्बन्धित महाशाखा प्रमुख |
| | | समितिको प्रकाशन विवरण सम्बन्धी | सहायक निर्देशक | ,, | तीन दिनमा | |
| | | प्रशासनिक गुनासो सम्बन्धी विवरण | सहायक निर्देशक | ,, | तीन दिनमा | |
| | | कर्मचारी प्रशासन सम्बन्धी | सहायक निर्देशक | ,, | तीन दिनमा | |
| ६ | बीमालेख | बीमालेख स्वीकृति | सहायक निर्देशक | प्रमुख, | नब्बे दिन | सम्बन्धित महाशाखा |

| क्र.स | शाखा | सेवाको बिवरण | शुरू सम्पर्क अधिकृत | जिम्मेवार अधिकृत | लाग्ने अवधि | उजुरी गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|
| | तथा सुशासन शाखा | | | बीमालेख शाखा | | प्रमुख |
| | | बीमाङ्किय मूल्यांकन प्रतिवेदन स्वीकृति | सहायक निर्देशक | ,, | नब्बे दिन | |
| | | अभिकर्ता इजाजत दर्ता नविकरण तथा प्रतिलिपी | सहायक निर्देशक | ,, | पन्ध्र दिन | |
| | | सर्भेयर इजाजत पत्र, नविकरण तथा प्रतिलिपी | सहायक निर्देशक | ,, | पन्ध्र दिन | |
| ७ | **ब्यवस्थापन सूचना प्रणाली** | एयरमार्क सम्बन्धी | सहायक निर्देशक | प्रमुख, ब्यवस्थापन सूचना प्रणाली शाखा | पांच दिन | सम्बन्धित महाशाखा प्रमुख |
| | | तथ्यांक सम्बन्धी | सहायक निर्देशक | प्रमुख, ब्यवस्थापन सूचना प्रणाली शाखा | पांच दिन | |

**५) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी**

बीमा समितिको काठमाण्डौ उपत्यका बाहिर कुनै शाखा कार्यालय नभएको।

**६) सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि**

बुदा नं ४, नागरिक बडापत्रमा उल्लेख भएको

**दस्तुर**

| क्र.स | बिवरण | दस्तुर(रू) |
|---|---|---|
| १. | सेवा शुल्क | आर्जित बीमाशुल्कको १ प्रतिशत |
| २. | बीमा कम्पनी दर्ता | ५०,०००/- |
| ३. | बीमा कम्पनी नविकरण | ५०,०००/- |
| ४. | बीमा सभेर्यर दर्ता | ५०००/- |

| | | |
|---|---|---|
| ५. | बीमा सभेर्यर नविकरण (क,ख,ग र घ बर्गको बर्ग अनुसार बार्षिक रकम) | ५०००/-<br>७०००/-<br>९०००/-<br>१२०००/- |
| ६. | बीमा अभिकर्ता दर्ता | ५००/- |
| ७. | बीमा अभिकर्ता नविकरण (बार्षिक) | २००/- |
| ८. | बीमा सभेर्यर तलिम | ५०००/- |
| ९. | बीमा अभिकर्ता तालिम | २०००/- |

**७) निर्णय गर्ने प्रकृया र अधिकार**

शाखाबाट उठान भएका विषयहरूमा तहगत रूपमा राय पेश भएपछि केहि विषयमा अध्यक्षज्युबाट निर्णय हुने र केहि संचालक समितिले निर्णय गर्ने । निर्णय प्रकृया नागरिक बडापत्रमा उल्लेख भए बमोजिम हुने ।

**८) निर्णय उपर उजुरी सुन्ने अधिकारी**

कार्यकारी अध्यक्ष

**९) सम्पादन गरेको कामको विवरण**

बीमा ऐन र नियमावली बमोजिम तोकिएका बीमा नियमन, सुपरीवेक्षण, बीमक दर्ता लगायतका कार्यहरू निरन्तर रूपमा गर्ने गरिएको

**१०) सूचना अधिकारी र प्रमुखको नाम र पद**

**कार्यालय प्रमुख नाम र पद :**

**श्री चिरञ्जीवी चापागाँई**

**अध्यक्ष**

**सूचना अधिकारीको नाम र पद :**

**निर्मल अधिकारी**

**उप-निर्देशक**

(**www.nib.gov.np** मा फोटो र विस्तृत विवरण समावेश गरिएको)

## ११) ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

| क्र.स | ऐन विनियम वा ,नियम ,निर्देशिकाको नाम | कैफियत |
|---|---|---|
| १. | बीमा एन ,२०४९ | |
| २. | बीमा नियमावली२०४९ , | |
| ३. | तालिम कार्यविधि,२०७२ | |
| ४. | पुनर्बीमा व्सयवसाय सम्बन्धि निर्देशिका,२०७१ | |
| ५. | लघुबीमा निर्देशिका, २०७१ | |
| ६. | बैंकर्स क्षतिपूर्ति निर्देशिका | |
| ७. | बीमक गाभ्ने तथा गाभिने सम्बन्धि निर्देशिका,२०७० | |
| ८. | सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कृयाकलापमा वित्तीय  निवारण निर्दशिका २०६९ | |
| ९. | बाली तथा पशुपन्छी बीमा निर्देशन,२०६९ | |
| १०. | बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका,२०६९ | |
| ११. | शेयर कारोबार सम्बन्धी निर्देशन,२०६६ | |
| १२. | बीमकको मोटर बीमादर सम्बन्धी निर्देशिका,२०७३ | |
| १३. | नेपाली मृत्युदर तालिका, २०६६ | |
| १४. | बीमकको लेखा परीक्षक छनौटको आधार सम्बन्धी निर्देशन,२०६६ | |
| १५. | बीमकको एअरमार्क सम्बन्धी निर्देशन,२०६६ | |
| १६. | बीमकको सामुद्रिक बीमादर सम्बन्धी निर्देशिका,२०६५ | |
| १७. | निर्जोवन बीमकको बित्तीय विवरण सम्बन्धी निर्देशन,२०६६ | |
| १८. | जीबन बीमकको बित्तीय विवरण सम्बन्धी निर्देशन,२०६६ | |
| १९. | निर्जीवन बीमा सम्बन्धी पुनर्बीमा निर्देशिका, २०६५ | |
| २०. | जीवन बीमा सम्बन्धी पुनर्बीमा निर्देशिका,२०६५(संशोधित) | |
| २१. | बीमकको आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी निर्देशन | |
| २२. | बीमकको वेभ साइट सम्बन्धि ब्यवस्था,२०६५ | |
| २३. | संस्थापकको शेयर सम्बन्धी निर्देशन,२०६६ | |
| २४. | जीवन बीमकको आर्थिक लेखाजोखा र दायित्वको मुल्यांकन निर्देशिका | |
| २५. | लङ फर्म अडिट सम्बन्धी निर्देशन | |
| २६. | बीमकको गैरस्थलगत निरिक्षण म्यानुअल | |
| २७. | निर्जीवन बीमकको लगानी निर्देशन(२०७१-संशोधित) | |
| २८. | जीवन बीमकको लगानी निर्देशन(२०७१-संशोधित) | |
| २९. | बीमा अभिकर्ताको आचार संहिता | |
| ३०. | बीमा सर्भेयरको आचार संहिता | |
| ३१. | अग्नि बीमा दर सम्बन्धी सामान्य नियमहरू,२०५८(परिमार्जन सहित) | |
| ३२. | Legal Provision Related to Surveyor/Agents | |
| ३३. | Onsite Inspection Manual of Insurer | |
| ३४. | Solvency Margin Directive, 2070 for Life Insurers | |
| ३५. | मोटर बीमादर सम्बन्धि निर्दशिका २०७३ | |

| क्र.स | ऐन विनियम वा ,नियम ,निर्देशिकाको नाम | कैफियत |
|---|---|---|
| ३६. | बीमकको संस्थागत शुसानन सम्बन्धी निर्देशिका २०७३ | |
| ३७. | बीमक दर्ता तथा बीमा ब्यवसाय संचालन सम्बन्धी निर्देशिका २०७३ | |
| ३८. | बीमकको कार्यकारी प्रमुखको तलब, भत्ता तथा अन्य सुविधा सम्बन्धी मार्गदर्शन,२०७४ | |
| ३९. | बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७५ | |
| ४०. | सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी निर्देशन, २०७५ | |
| ४१. | सम्पत्ति बीमा निर्देशिका, २०७५ | |
| ४२. | बीमकको लगानी निर्देशिका, २०७५ | |
| ४३. | बीमक गाभ्ने, गाभिने तथा प्राप्ति गर्ने सम्बन्धी निर्देशिका, २०७६ | |
| ४४. | जीवन बीमा व्यवसाय गर्ने बीमकको बीमाङ्कीय मूल्याङ्कन सम्बन्धी निर्देशिका, २०७६ | |
| ४५. | शाखारहित घुम्ती बीमा सेवा सम्वन्धी मार्गदर्शन, २०७६ | |
| ४६. | बीमकले सहकार्यमा बीमा व्यवसाय संचालन गर्दा अपनाउनुपर्ने नीतिगत मार्गदर्शन,२०७६ | |

**१२) आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अधावधिक विवरण**

संलग्न बमोजिम

**१३) अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सो को विवरण**

बीमा समिति र बीमकहरुको संयुक्त पहलमा AIRDC सम्मेलन सम्पन्न

**१४) सार्वजनिक निकायको वेभसाईट भए सो को विवरण**

बीमा समितिको आधिकारिक वेभसाईट **www.nib.gov.np**

**१५) सार्वजनिक निकायले प्राप्त गरेको बैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण**

नभएको

१६) **सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण**

पत्रकार लगायत विभिन्न व्यक्ति र संस्थाले टेलिफेन, इमेल र पत्र मार्फत माग गरेका सूचनाहरू यथासक्य छिटो र माग गरेको ढांचामा दिने गरिएको ।

**१७) सार्वजनिक निकायका सूचनाहरू अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरण**

- बीमा समितिको वेभसाइट **www.nib.gov.np**
- बीमा समितिको बर्षिक प्रतिवेदन (बीमा समितिको वेभसाइटमा पनि हेर्न सकिने)
- बीमा समाचार र विचार पत्रिका वार्षिक २ अंक प्रकाशन हुने गरेको ।
- समय समयमा राष्ट्रिय दैनिक पत्रपत्रिकाहरू तथा सञ्चार माध्यमबाट सूचनाहरू प्रकाशन हुने गरेको ।